आज मिति २०७६ साल चैत्र १३ गतेका दिन प्रमुख श्री नर वहादुर थापा मगरज्यू को अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको वैठक वसी देहायको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

## तपसिल

१) नगरपालिका प्रमुख श्री नर वहादुर थापा मगर रामेछाप नगरपालिका रामेछाप — अध्यक्ष

२) नगरपालिका उप-प्रमुख श्री सृजना खडका रामेछाप नगरपालिका रामेछाप — सदस्य

३) वडा अध्यक्ष वडा नं.१ श्री नर वहादुर थापा क्षेत्री रामेछाप नगरपालिका रामेछाप — सदस्य

४) वडा अध्यक्ष वडा नं. २ श्री निर वहादुर श्रेष्ठ रामेछाप नगरपालिका रामेछाप — सदस्य

५) वडा अध्यक्ष वडा नं.३ श्री भूपाल राज श्रेष्ठ रामेछाप नगरपालिका रामेछाप — सदस्य

६) वडा अध्यक्ष वडा नं. ४ श्री टुपेन्द्र वहादुर तामाङ्ग रामेछाप नगरपालिका रामेछाप — सदस्य

७) वडा अध्यक्ष वडा नं. ५ श्री भिम वहादुर तामाङ्ग रामेछाप नगरपालिका रामेछाप — सदस्य

८) वडा अध्यक्ष वडा नं. ६ श्री धन वहादुर खडका रामेछाप नगरपालिका रामेछाप — सदस्य

९) वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की रामेछाप नगरपालिका रामेछाप — सदस्य

१०) वडा अध्यक्ष वडा नं.८ श्री केदार कार्की रामेछाप नगरपालिका रामेछाप — सदस्य

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

CS Scanned with CamScanner

११) वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र वहादुर श्रेष्ठ — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१२) कार्यपालिका सदस्य श्री जमुना हायू — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१३) कार्यपालिका सदस्य श्री समिता वि.क. — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१४) कार्यपालिका सदस्य श्री ज्ञानुदेवी वस्नेत कार्की — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१५) कार्यपालिका सदस्य श्री रुकुम हायू — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१६) कार्यपालिका सदस्य श्री सरोज कटुवाल — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१७) कार्यपालिका सदस्य श्री जनकराज सुनुवार — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१८) कार्यपालिका सदस्य श्री अनिता काफ्ले — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१९) कार्यपालिका सदस्य श्री कविता रिसाल — सदस्य
रामेछाप नगरपालिका रामेछाप

२०) प्रमुख प्रशासकीय अधिकृत श्री दिपेन्द्र पौडेल — सदस्य सचिव
रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप

Scanned with CamScanner

निर्णय नं. १

COVID-19 को पुर्व तयारी तथा रोकथाम र नियन्त्रण गर्न नगरपालिकाको तर्फवाट तत्काल गर्नुपर्ने कार्यका लागि नगरस्तरीय स्वास्थ्य कार्यक्रम शिर्षकमा विनियोजन भएको रकम वाट हाललाई रु १०,००,०००।-को सीमा भित्र रहि खर्च गर्न नगरकार्यपालिकाको कार्यालयलाई स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. २

वैदेशिक रोजगारीको शिलशिलामा विदेशवाट चैत्र महिना भित्र यस नगरपालिकामा फर्किएका व्यक्तिहरुका लगत वडाकार्यालय र महिला स्वास्थ्य स्वयंसेविकाहरु मार्फत संकलन गर्ने र स्वास्थ्यकर्मीहरुको सल्लाह वमोजिम निजहरुलाई घरमा नै क्वारेनटाइनमा वस्न अभिप्रेरित गरि निज सँग निरन्तर सम्पर्कमा रहिरहने र परामर्शको लागि स्वास्थ्यकर्मीहरुको टिम खटाउने निर्णय गरियो ।

निर्णय नं. ३

नगरपालिकाले सामुदायिक आवासमा वनाईएको १० वेडको क्वारेनटाइन अपुग भएकोले भु तथा जलाधार संरक्षण कार्यालय र गौरिशंकर मा.वि.को भवनलाई क्वारेनटाइनको रुपमा प्रयोग गरी थप ४० क्वारेनटाइन वेडको निर्माण गर्ने । साथै विभिन्न वडाहरु र स्वास्थ्य संस्थाहरुमा समेत आवश्यकता अनुसार क्वारेनटाइन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.४

COVID-19 प्रकोप सँग जुध्नको लागि यस नगरपालिका भित्र वा वाहिर रहेका व्यक्तिहरुले यस नगरपालिकालाई नगद वा जिन्सी सहयोग गर्न चाहनु भएमा निजले दिएको सहयोग नगरपालिकाले स्वीकार गर्ने । नगद रकम रामेछाप नगरपालिकाको नाममा रहेको प्रकोप व्यवस्थापन विशेष कोष खाता नं.१०२०३०५०४५४०१ मा जम्मा गरि रामेछाप नगरपालिकाको विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७६ वमोजिम खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.५

नगर स्तरीय स्वास्थ्य कार्यक्रममा विनियोजित वजेट मध्ये रु.२५,००,०००।– (अक्षेरुपि रु पच्चिस लाख) COVID-19 रोकथाम तथा नियन्त्रणको लागि खर्च गर्न नगरपालिकाको प्रकोप व्यवस्थापन विशेष कोष खातामा जम्मा गरि कार्यविधि वमोजिम खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.६

आकस्मिक सेवाको लागि नगरपालिका अर्न्तगतका सवै स्वास्थ्य संस्थाहरु र कर्मचारीहरु तयारी अवस्थामा रहने निर्णय गरीयो ।

निर्णय नं.७

नगरपालिकाले सञ्चालन गरीरहेको शववाहन सेवा अर्को निर्णय नभए सम्मको लागि स्थगित गर्ने निर्णय गरीयो ।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २ (ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि, २०७४ को नियम ५ को उप नियम (१) वमोजिम प्रमाणित गरिएको ।

नर बहादुर थापा मगर
प्रमुख

दिपेन्द्र पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल
२०७३

CS Scanned with CamScanner